# राष्ट्रिय शिक्षक सक्षमता प्रारूप, २०८३

पृष्ठपोषणका लागि

नेपाल सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
**शिक्षा विभाग**
सानोठिमी, भक्तपुर

## १.पृष्ठभूमि

शिक्षकको गुणस्तरले शिक्षाको गुणस्तर प्रतिविम्बित गर्छ।शिक्षकको गुणस्तर शिक्षकमा भएको सक्षमताले निर्धारण गर्छ । त्यसैले समग्र शिक्षाको गुणस्तर सुधारमा शिक्षकको सक्षमता परिभाषित गर्ने र शिक्षकमा सक्षमता विकासका विधि चयन गर्ने पक्ष जोडिन्छन्।यिनै पक्षलाई आत्मसात् गरी नेपाल सरकारद्वारा तयार गरिएको शिक्षक सक्षमता प्रारूप, २०७२ को कार्यान्वयनको एक दशकभन्दा बढी अनुभव हासिल भइसकेको छ । यस बिचमा देखिएका विभिन्न परिवर्तनले शिक्षक सक्षमताको विकास र विस्तारमा समेत प्रभाव पार्न सक्ने विषय निर्विवाद छ।हाम्रो सन्दर्भमा विभिन्न विपत् तथा महामारीले शिक्षामा पारेको प्रभाव, प्रविधिमा आएको अभूतपूर्व परिवर्तन, जलवायु परिवर्तन, शैक्षिक ज्ञानको भण्डारको विस्तार तथा सङ्घीयताको कार्यान्वयनसँगै शासकीय प्रबन्धमा आएको परिवर्तनले शिक्षकबाट अपेक्षा गरिएका पेसागत आचरण तथा दक्षतामा परिवर्तनको माग गरेको देखिन्छ।
विश्वव्यापी रूपमा शिक्षक सक्षमताको विकास र संरचनामा महत्त्वपूर्ण परिवर्तन भएका छन्। खासगरी सूचना प्रविधि र त्यसमा पनि कृत्रिम बुद्धिमत्ताको क्षेत्रमा भएको परिवर्तनले शिक्षाको पाठ्यक्रम, सिकाइ प्रक्रिया र मूल्याङ्कनलगायतका सबै पक्षलाई प्रभावित गरेको छ।शिक्षा क्षेत्रमा युवा वर्गको अपेक्षालाई सम्बोधन गर्न शिक्षा प्रणालीको पुनःअभिमुखीकरण गर्न आवश्यक रहेको देखिएको छ।त्यसैले शिक्षकको सक्षमता सुधार शिक्षा प्रणालीको पुनःअभिमुखीकरणको प्रवेश बिन्दुका रूपमा लिन सकिन्छ।यसलाई आत्मसात् गर्दै नेपाल सरकार, शिक्षा तथा खेलकुद मन्त्रालयले शिक्षक सक्षमता प्रारूप, २०८३ विकास गरेको छ।

## २.प्रारूप विकासको औचित्य

शिक्षण सिकाइको योजना निर्माण, कार्यान्वयन, मूल्याङ्कन तथा विद्यार्थीको विविध सिकाइ आवश्यकता सम्बोधन गर्ने मुख्य जिम्मेवारी शिक्षकमै निहित हुने हुनाले शिक्षाको गुणस्तर अभिवृद्धिमा शिक्षकको सक्षमता एउटा महत्त्वपूर्ण आधार मानिन्छ। विद्यालय शिक्षाका लागि शिक्षक तयारी गर्ने विषयमा मार्गदर्शन प्रदान गर्न राष्ट्रिय शिक्षक सक्षमता प्रारूप निर्माण गरिएको हो । नेपालको संविधान जारी भएसँगै नेपालको राजनीतिक र प्रशासनिक परिवर्तनपछि सङ्घीय शासन प्रणालीको कार्यान्वयन, राष्ट्रिय शिक्षा नीति तथा पाठ्यक्रममा भएका सुधार, विद्यालय शिक्षाका बदलिँदा आवश्यकता, युवा विद्यार्थीका रुचि, क्षमता र आकाङ्क्षा, सूचना तथा सञ्चार प्रविधि र कृत्रिम बुद्धिमत्ताको तीव्र विकास, समावेशीकरण तथा बृहत् विद्यालय सुरक्षा रणनीतिमा आएको परिवर्तन एवम् जनसङ्ख्याको बनोटमा आएको व्यापक परिवर्तनसमेतका कारणबाट व्यक्तिगत तथा सामाजिक जीवनमा आएका जटिलताले शिक्षकबाट अपेक्षित ज्ञान, सिप र व्यावसायिक भूमिकामा नयाँ आयामहरू थपिएको परिवेशमा विद्यमान

प्रारूपलाई समसामयिक आवश्यकता, राष्ट्रिय प्राथमिकता तथा अन्तर्राष्ट्रिय अभ्याससँग अनुकूल बनाउँदै परिमार्जन गर्न आवश्यक भएकाले शिक्षक सक्षमता प्रारूप, २०७२ लाई परिमार्जन गरिएको हो।

एक दशकभन्दा बढीको कार्यान्वयन अनुभव, शिक्षक प्रोफाइल र देशव्यापी शिक्षक सर्वेक्षणबाट प्राप्त सुझाव तथा निष्कर्ष, प्रधानाध्यापक सक्षमता प्रारूप तथा प्रशिक्षक सक्षमता प्रारूप विकास र कार्यान्वयनका अनुभव र युनेस्कोले सन् २०२४ को कृत्रिम बुद्धिमत्तासम्बन्धी शिक्षक सक्षमता र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अभ्यासलाई आधार मानेर शिक्षक सक्षमता प्रारूपको परिमार्जन गरिएको हो।यस प्रारूपले शिक्षकका आवश्यक ज्ञान, सिप, मूल्य र व्यावसायिक आचरणलाई प्रमुख सक्षमता क्षेत्रमा व्यवस्थित गर्दै निरन्तर पेसागत विकासको अवधारणालाई केन्द्रमा राखेको छ । यसका साथै शिक्षक तयारी, नियुक्ति, स्वमूल्याङ्कन, कार्यसम्पादन मूल्याङ्कन, पेसागत विकास तथा विद्यालयमा गुणस्तरीय शिक्षण सिकाइ सुनिश्चित गर्न साझा राष्ट्रिय मापदण्डका रूपमा यस प्रारूपले मार्गदर्शन गर्ने अपेक्षा गरिएको छ । विशेषगरी सूचना प्रविधि र कृत्रिम बुद्धिमत्ताको नैतिक, जिम्मेवार र मानव केन्द्रित प्रयोगलाई शिक्षण सिकाइमा एकीकृत गर्दै भविष्यका शिक्षकको सक्षमता विकासमा यस प्रारूपले महत्त्वपूर्ण योगदान पुऱ्याउने विश्वास गरिएको छ। यसरी बदलिँदो राष्ट्रिय तथा विश्वव्यापी परिवेशसँग शिक्षकको पेसागत सक्षमता निरन्तर अद्यावधिक गर्दै गुणस्तरीय, समावेशी, प्रविधिमैत्री र विद्यार्थी केन्द्रित शिक्षण सिकाइ प्रणाली निर्माण गर्न र शिक्षकलाई भविष्यका चुनौती सामना गर्न सक्षम, उत्तरदायी, नेतृत्वदायी र नवप्रवर्तनशील पेसागत जनशक्तिका रूपमा विकास गर्नु यस प्रारूप विकासको औचित्य हो।

## ३. सैद्धान्तिक आधार र मान्यता

शिक्षक सक्षमताले शिक्षकमा प्रभावकारी रूपमा शिक्षण सिकाइ प्रक्रिया सञ्चालन गर्न, विद्यार्थीको सिकाइ उपलब्धि र समग्र वैयक्तिक विकास सुनिश्चित गर्न तथा आफ्नो पेसागत जिम्मेवारी सफलतापूर्वक निर्वाह गर्न आवश्यक ज्ञान, सिप, अभिवृत्ति, मूल्यमान्यता र पेसागत व्यवहारको समष्टिलाई जनाउँछ। सङ्क्षेपमा यसले शिक्षकको ज्ञान, सो ज्ञानको कार्यान्वयन सिप र जिम्मेवारीपूर्वक व्यवहारको प्रदर्शन क्षमतालाई जनाउँछ । विशेषगरी यसले पेसागत अभ्यासलाई स्तरीकरण गर्न सघाउने अपेक्षा गरिएको हुन्छ । शिक्षक तयारी, विकास, मूल्याङ्कन र समग्र शिक्षक व्यवस्थापनका विभिन्न पक्षमा स्तरीकरण गर्ने आधारसमेत शिक्षक सक्षमताले प्रदान गर्दछ ।

शिक्षकसँग विषयवस्तुको ज्ञानका साथै विद्यार्थीको सिकाइ रूपान्तरण गर्ने क्षमता हुनुपर्छ।तसर्थ शिक्षक सक्षमताले शिक्षण गर्ने विषयवस्तुमा शिक्षकको सघन सुझबुझ, कक्षाकोठा व्यवस्थापन,

शिक्षण रणनीति, र सिकाइ सिद्धान्तहरूको प्रयोग एवम् विषयवस्तु र शिक्षण विधिको सम्मिश्रण गरी कठिन र अमूर्त विषयवस्तुलाई विद्यार्थीको स्तरअनुसार सरल बनाएर सिकाउने विशेष क्षमतासमेत राख्छ । शिक्षकको ज्ञान, सिप र अभिवृत्तिलाई कक्षाकोठाको परिस्थितिअनुसार अनुकूलन गरी प्रयोग गर्ने गतिशील क्षमताको क्रमबद्ध विकास नै शिक्षक सक्षमता मानिएको छ।

शिक्षक सक्षमता शिक्षकले सम्पादन गर्ने कामसँग सापेक्ष हुने भएकाले भिन्न परिस्थिति र शिक्षणभित्र पनि भिन्न प्रकृतिका कार्य सम्पादन गर्नाका लागि आवश्यक सक्षमतामा विशिष्टीकरण आवश्यक हुनसक्छ।विद्यालय शिक्षाको तहगत पाठ्यक्रमको संरचना र विषयगत रूपमा समेत यसलाई थप विशिष्टीकृत गर्न सकिने अवस्था हुने भए पनि यस प्रारूपले मूलतः शिक्षकका सामान्य पेसागत सक्षमतालाई समेटेको छ।

नेपालको संविधान, राष्ट्रिय शिक्षा नीति, शिक्षासम्बन्धी विभिन्न कानुनी व्यवस्था, आवधिक योजना र सुशासन मार्गचित्रलगायतका दस्तावेजहरूले दिशाबोध गरेअनुसार विद्यालय शिक्षामा गुणस्तर कायम गर्न सक्षम र योग्य शिक्षक आवश्यक रहेकाले शिक्षक सक्षमता विकासका स्थापित सिद्धान्त तथा अभ्यासको सम्मिश्रणमा आधारित रही यो प्रारूप विकास गरिएको छ । यस प्रारूपले विद्यार्थी वा सिकारुलाई चिन्ने तथा उनीहरूले कसरी सिक्छन् भन्ने बुझेर सोअनुरूप शिक्षणको योजना तर्जुमा र प्रभावकारी कार्यान्वयन गर्ने भन्ने सक्षमताको क्रमिक विकाससम्बन्धी दृष्टिकोणलाई मुख्य आधार बनाएको छ । तसर्थ यसलाई सिकाइ र सक्षमता विकासको निर्माणवादी दृष्टिकोणमा आधारित मान्न सकिन्छ। स्वानुभूतिसहित विविधताको सम्मान र सम्बोधन गर्ने विषय समावेशी शिक्षाको दर्शन तथा सामाजिक सांस्कृतिक सिद्धान्तसँग निकट रहेको देखिन्छ। शिक्षक विकासका लागि निरन्तर सिकाइमा प्रवृत्त रहने, विज्ञ शिक्षकको मार्गदर्शन तथा अन्य पेसाकर्मीसँगको आपसी सहकार्यबाट हुने सिकाइको विषयलाई पेसागत सिकाइ समुदाय र सामाजिक सिकाइ सिद्धान्तमा आधारित मान्न सकिन्छ । आफ्नो कामको अनुचिन्तनबाट हुने सिकाइलाई अनुचिन्तनात्मक अभ्यासको सिद्धान्त (Reflective Practice Theory) सँग जोडेर हेर्न सकिन्छ।

यस प्रारूपले शिक्षकको सक्षमता हासिल गर्ने विषयलाई कुनै निश्चित स्तरको प्राप्तिभन्दा पनि सन्दर्भ र परिस्थितिसापेक्ष निरन्तर विकास हुने प्रक्रिया हो भन्ने मान्यता राख्छ ।

यो शिक्षक सक्षमता तहगत रूपमा निरन्तर विकास प्रणालीमा आधारित छ। यस आधारबाट प्रारूपमा शिक्षक सक्षमतालाई चारओटा तहमा संरचित गरी देहायबमोजिम प्रस्तुत गरिएको छः

(क) तह एकः आधारभूत जानकारी भएको

(ख) तह दुईः बुझाइ र अभ्यास विकास हुँदै गरेको

(ग) तह तीनः उन्नत तहको अभ्यास गर्दै गरेको

(घ) तह चारः उच्चतम दक्षता प्रदर्शन गरेको

उपर्युक्त चार तहको अर्थ देहायअनुसार प्रयोग गरिएको छः

(क) आधारभूत जानकारी भएकोः यस तहलाई शिक्षक सेवा प्रवेश गर्दाका बखत अपेक्षित सक्षमताको अवस्थाका रूपमा लिइएको छ। यस अवस्थामा शिक्षकमा आफ्नो पेसासँग सम्बन्धित आधारभूत सैद्धान्तिक एवम् व्यावहारिक ज्ञान र सिप विकास भएको हुन्छ। यस तहको सक्षमता भएका शिक्षकले सेवाप्रवेश तालिम, विकासका अन्य अवसर र अनुभवी शिक्षकबाट प्राप्त हुने मार्गदर्शनका आधारमा स्वतन्त्र रूपमा पेसागत व्यवहार प्रदर्शन गर्ने तहमा विकास हुने अपेक्षा गरिएको छ।

(ख) बुझाइ र अभ्यास विकास हुँदै गरेकोः यसलाई पेसागत अभ्यास र अनुभवसमेतका आधारमा स्वतन्त्र रूपमा आफ्ना शिक्षण अभ्यास तथा अन्य पेसागत व्यवहार प्रदर्शन गर्दै गरेको तथा सिकाइ प्रक्रियामा निरन्तर सक्रिय रहेको शिक्षकको सक्षमताका रूपमा लिइएको छ ।

(ग) उन्नत तहको अभ्यास गर्दै गरेकोः आफ्ना पेसागत अभ्यास तथा निरन्तर सिकाइ र विकासका कार्यक्रमबाट आर्जित अनुभव र सोको परिमार्जन समेतबाट उदाहरणीय अभ्यास प्रदर्शन गरेको र पेसागत निखारता प्राप्त गरेको अवस्था रहेको शिक्षकको सक्षमताका रूपमा लिइएको छ ।

(घ) उच्चतम दक्षता प्रदर्शन गरेकोः आफ्नो पेसागत जिम्मेवारीका क्षेत्रमा आफ्ना सहकर्मीहरूबिच अगुवाई गर्ने, अनुकरणीय व्यवहार प्रदर्शन गरेको र समग्र पेसागत विकासमा योगदान गर्न नेतृत्व लिन सक्षम रहेको र सोको व्यवहार प्रदर्शन गरेको शिक्षकको सक्षमताका रूपमा लिइएको छ ।

यस सक्षमता प्रारूप हरेक शिक्षकको पोर्टफोलियो हुन्छ भन्ने मान्यतामा आधारित छ । यसले शिक्षण सिकाइका सन्दर्भमा आधारभूत तह र माध्यमिक तहका शिक्षकमा हुनुपर्ने ज्ञान, सिप, धारणा र व्यावसायिक आचरणलाई स्पष्ट रूपमा परिभाषित गर्दछ। साथै यसले विद्यालय शिक्षा

पाठ्यक्रम कार्यान्वयन, विद्यार्थी केन्द्रित शिक्षण विधि, मूल्याङ्कन सिप, समावेशी शिक्षा र निरन्तर शिक्षण सिकाइ र शिक्षकको पेसागत विकासलाई जोड दिन्छ। पोर्टफोलियोले शिक्षक शिक्षा, तालिम, छनोट/नियुक्ता प्रक्रिया, कार्यसम्पादन/पदोन्नति) तथा मूल्याङ्कन एवम नियमित शिक्षण सिकाइ प्रबर्धन र विद्यार्थी उपलब्धिमा विशेष जोड दिई राष्ट्रिय शिक्षा नीति र स्थानीय आवश्यकतासँग तादत्म्य कायम गर्न र गुणस्तरीय शिक्षा सुनिश्चितताका लागि शिक्षक शिक्षा तथा विकासमा महत्त्वपूर्ण भूमिका खेल्छ भन्ने मान्यता राख्छ। यसका साथै शिक्षक सक्षमता प्रारूपमा शिक्षकको अध्यापन गर्ने तह र सो तहका विद्यार्थीको अवस्था, विषय र विषयवस्तुगत गहनता, भौगोलिक र समसामयिक सामाजिक सांस्कृतिक अवस्था, शिक्षण विधि तथा प्रविधिमा आएको परिवर्तन, शिक्षा र जैविक वतावरणमा स्थानीयकरण र विश्वव्यापीकरणको प्रभाव, विद्यार्थीका विशिष्ट पहिचान र आवश्यकतालगायतका विषयहरूले समेत शिक्षक सक्षमतामा प्रभाव पार्न सक्छ। यहाँ यिनै प्रभावहरूलाई सक्षमताका विषयमा समावेश गर्दै प्रारूपलाई सामान्य अर्थमा प्रयोग गर्ने गरी पाठ्यक्रमको प्रकृति, शैक्षिक संरचना र तह एवम् विषयगत विशिष्टता अनुरूप आधारभूत र माध्यमिक तह वा अन्य विशिष्टीकृत अवस्थामा समेत प्रयोग गर्न सकिन्छ भन्ने मान्यतामा यो प्रारूप विकास गरिएको छ।

## ४. प्रारूपको उद्देश्य

यस प्रारूपको मुख्य उद्देश्य सक्षमतामा आधारित शिक्षक तयारी र निरन्तर पेसागत विकासका माध्यमबाट शिक्षकको पेसागत अभ्यास र व्यवहारमा अपेक्षित सुधार गरी विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धिमा योगदान पुऱ्याउनु हो । व्यवहारले सिकाइ स्थललाई सिकाइ सङ्गठनका रूपमा विकास गरी विद्यार्थी उपलब्धिमा सुधार ल्याउन मदत गर्छ । उक्त मुख्य उद्देश्यका प्राप्तिका निमित्त विद्यालयभित्र र बाहिरको सिकाइ सहयोगी वातावरण, नीतिगत तथा कार्यक्रमिक सामञ्जस्यता महत्त्वपूर्ण हुन्छ । उक्त कार्यका लागि पेसागत ज्ञान विस्तार र प्रवर्धन गर्ने पक्षलाई समेटी देहायबमोजिमका उद्देश्य निर्धारण गरिएका छन् ।

१. शिक्षक तयारी तथा छनोटका लागि आधार तय गर्नु

२. शिक्षकको निरन्तर पेसागत विकास र वृत्ति विकासका लागि मार्गदर्शन गर्नु

३. शिक्षकको कार्यविवरण, कार्यसम्पादन मूल्याङ्कन र स्वमूल्याङ्कनका आधार तयार गर्नु

## ५. सक्षमताका क्षेत्र, तह र मापदण्ड

शिक्षक सक्षमतालाई आठ क्षेत्रमा सङ्गठित गरिएको छ । प्रत्येक क्षेत्रअन्तर्गत शिक्षकको सक्षमताको स्तर छुट्टिने गरी चारओटा तह निर्धारण गरिएको छ। उक्त तहअन्तर्गत सक्षमता मापनका विभिन्न मापदण्ड समाविष्ट छन् । यसरी सक्षमता प्रारूपलाई शिक्षकको सक्षमताका क्षेत्र, तह र मापदण्डलाई शिक्षकको सम्बन्धित क्षेत्रको ज्ञान, बुझाइ, मान्यता अभिवृत्ति र सिपको समग्रतामा हेर्न खोजिएको छ । साथै प्रारूपमा शिक्षकको सक्षमता पेसागत विकाससँगै परिष्कार हुन्छ भन्ने मान्यतालाई अङ्गीकार गरिएको छ । यसअनुसार शिक्षकले अनुभव, अध्ययन र प्रयत्नमार्फत आफूमा सो सक्षमताका निखार ल्याउँदै उन्नत अवस्थामा पुग्न एवम् समग्र शैक्षिक सिकाइ प्रणाली र पेसागत उन्नयनमा योगदान दिन सक्छन् भन्ने मान्यतामा यस प्रारूपका क्षेत्र, तह र मापदण्डहरूको विकास गरिएको छ ।

पृष्ठपोषण प्राप्तिका लागि

| सक्षमताका क्षेत्र तथा मापदण्डहरू | सक्षमताका तह | | | |
|---|---|---|---|---|
| | **तह१ःआधारभूत जानकारी भएको** | **तह २ : बुझाइ र अभ्यास विकास हुँदै गरेको** | **तह ३ : उन्नत तहको अभ्यास गर्दै गरेको** | **तह ४ : उच्चतम दक्षता प्रदर्शन गरेको** |
| **क्षेत्र १ : विषयवस्तुको ज्ञानः विद्यार्थीको सिकाइ आवश्यकतालाई सम्बोधन गर्न अध्यापन गर्ने विषयमा गहन ज्ञान** | | | | |
| १.१ सम्बन्धित विषयवस्तुको गहन तथा अद्यावधिक ज्ञान र प्रयोग | • सम्बन्धित विषयवस्तुको आधारभूत सिद्धान्त र तथ्यबारे जानकारी | • सम्बन्धित विषयवस्तुको अद्यावधिक ज्ञान र व्यावहारिक प्रयोगको सुझबुझ विकास | • सम्बन्धित विषयवस्तुको अद्यावधिक र व्यावहारिक ज्ञानको सुझबुझसहित खोज र प्रयोग | • सम्बन्धित विषयवस्तुको उच्चतम ज्ञान, खोज र सिर्जनात्मक अभ्यासमा नेतृत्व |
| १.२ सम्बन्धित विषयको पाठ्यक्रम, पाठ्यसामग्री, विद्यार्थी मूल्याङ्कनसम्बन्धी ज्ञान र अनुकूलन | • सम्बन्धित विषयको पाठ्यक्रम, पाठ्यसामग्री र विद्यार्थी मूल्याङ्कनको संरचनाको आधारभूत जानकारी | • सम्बन्धित विषयको पाठ्यक्रम, पाठ्यसामग्री र विद्यार्थी मूल्याङ्कनको जानकारी र प्रयोग | • सम्बन्धित विषयको पाठ्यक्रम, पाठ्यसामग्री र विद्यार्थी मूल्याङ्कन नवीन अवधारणाको अन्तरसम्बन्धको विश्लेषण र प्रयोग | • सम्बन्धित विषयको पाठ्यक्रम, पाठ्यसामग्री र विद्यार्थी मूल्याङ्कनको अन्तरसम्बन्धको विश्लेषण, खोज र अनुकूलन |
| १.३ सम्बन्धित विषयवस्तुको अन्तर विषयगत सम्बन्ध र समसामयिक | • सम्बन्धित विषयको विषयवस्तु र अन्य विषयका विषयवस्तुसँगको | • सम्बन्धित विषयको विषयवस्तु र अन्य विषयका विषयवस्तुसँगको | • विषयवस्तुसँग सम्बन्धित ज्ञानलाई अन्तर-विधा सम्बन्धित गरी प्रस्तुत गर्न उपयुक्त | • सम्बन्धित विषयवस्तुको अन्तरविषयक विश्लेषण गरी उच्चतम |

| | | | | |
|---|---|---|---|---|
| विषयवस्तुका बारेमा जानकारी तथा प्रयोग | अन्तरसम्बन्ध र समसामयिक विषयवस्तुबारे जानकारी | अन्तरसम्बन्ध र समसामयिक विषयवस्तु पहिचान गरी शैक्षणिक अभ्यास | क्रियाकलाप विकास र प्रयोग | व्यावहारिक र शैक्षणिक प्रयोगमा नेतृत्व |
| **क्षेत्र २ : शिक्षण सिकाइ र मूल्याङ्कनका तौरतरिकासम्बन्धी ज्ञान र प्रयोगः शिक्षण सिकाइ प्रक्रियासम्बन्धी गहन ज्ञान र सो ज्ञानलाई शिक्षण सिकाइमा उपयुक्त तवरले प्रयोग** | | | | |
| २.१ सिकाइका सिद्धान्त, उपागम, विधि तथा तौरतरिकाको अद्यावधिक ज्ञान र उपयोग, | • सिकाइका सिद्धान्त, उपागम, विधि तथा तौरतरिकाको आधारभूत जानकारी | • सिकाइका सिद्धान्त, उपागम, विधि तथा तौरतरिकाबिचको सम्बन्धको ज्ञान, छनोट र प्रयोग | • सिकाइका सिद्धान्त, उपागम, विधिका आधारमा नवीनतम तौरतरिकाको विकास र प्रयोग | • सन्दर्भ, परिवेश र बालबालिकाका सिकाइ आवश्यकताअनुकूल हुने गरी सिकाइ सिद्धान्त, उपागम, विधि तथा तौरतरिकाको विकास प्रयोग र प्रदर्शन |
| २.२ पाठ्यक्रमले निर्दिष्ट गरेका सक्षमता र सिकाइ उपलब्धि हासिल हुने गरी शैक्षणिक योजना तर्जुमा, कार्यान्वयन रणनीति विकास र प्रयोग | • पाठ्यक्रमले निर्दिष्ट गरेका सक्षमता र सिकाइ उपलब्धि हासिल गर्नका लागि सामान्य निर्देशनमा शैक्षणिक योजना र कार्यान्वयन रणनीति विकासबारे जानकारी | • पाठ्यक्रमले निर्दिष्ट गरेका सक्षमता र सिकाइ उपलब्धि हासिल हुने गरी शैक्षणिक योजना र कार्यान्वयन रणनीति विकास र प्रयोग | • पाठ्यक्रमले निर्दिष्ट गरेका सक्षमता र सिकाइ उपलब्धि हासिल हुने गरी शैक्षणिक योजना र कार्यान्वयन रणनीति विकास र प्रभावकारी प्रयोग | • पाठ्यक्रमले निर्दिष्ट गरेका सक्षमता र सिकाइ उपलब्धि सुनिश्चित हुने गरी शैक्षणिक योजना र कार्यान्वयन रणनीति विकास, प्रयोग र अनुचिन्तन (Reflection) |
| २.३ विषयवस्तुको | • विषयवस्तुको प्रकृति, | • विषयवस्तुको | • विषयवस्तुको प्रकृति, | • विषयवस्तुको प्रकृति, |

छलफलका लागि

| | | | | |
|---|---|---|---|---|
| प्रकृति, बालमनोविज्ञान, विद्यार्थीको सिकाइ स्तर तथा वैयक्तिक भिन्नताअनुसार उपयुक्त शिक्षण विधि, सामग्री तथा क्रियाकलापको छनोट र प्रयोग | बालमनोविज्ञान, विद्यार्थीको सिकाइ स्तर तथा वैयक्तिक भिन्नताअनुसार शिक्षण विधि पहिचान, सामग्री तथा क्रियाकलापको छनोटसम्बन्धी जानकारी | प्रकृति, बालमनोविज्ञान, विद्यार्थीको सिकाइ स्तर तथा वैयक्तिक भिन्नताअनुसार उपयुक्त शिक्षण विधि तथा सामग्रीको छनोट, क्रियाकलाप निर्माण र प्रयोग | बालमनोविज्ञान, विद्यार्थीको सिकाइ स्तर तथा वैयक्तिक भिन्नताअनुसार उपयुक्त शिक्षण विधि तथा सामग्रीको छनोट, क्रियाकलाप निर्माण र सन्दर्भ अनुकूल प्रयोग | बालमनोविज्ञान, विद्यार्थीको सिकाइ स्तर तथा वैयक्तिक भिन्नताअनुसार उपयुक्त शिक्षण विधि, सामग्री तथा क्रियाकलापको खोज, परीक्षण र अनुकूलन |
| २.४ शिक्षण सिकाइमा अनुसन्धान र प्रयोग | • शिक्षण सिकाइमा अनुसन्धानको महत्त्व र उपयोगबारे जानकारी | • शिक्षण सिकाइसम्बन्धी भएका अनुसन्धानबाट प्राप्त नतिजालाई शैक्षणिक अभ्यासमा उपयोग तथा अनुसन्धान कार्यमा संलग्नता | • शिक्षण अनुभव र अभ्यासका आधारमा अनुसन्धान कार्यमा संलग्न भइ विभिन्न अनुसन्धानबाट प्राप्त नतिजाहरूको शिक्षण सिकाइमा उपयोग | • शिक्षण सिकाइसम्बन्धी भएका अनुसन्धानबाट प्राप्त नतिजालाई शैक्षणिक अभ्यासमा उपयोग, सिकाइ सुधारका लागि अनुसन्धान सञ्चालन र अनुसन्धानमुखी शिक्षण संस्कृतिको प्रवर्धन |
| २.५ सिकाइ सुधारका लागि विद्यार्थी मूल्याङ्कन | • विद्यार्थी मूल्याङ्कनका तौरतरिका, साधन र सिकाइ सुधारमा तिनको उपयोगसम्बन्धी जानकार | • विद्यार्थी मूल्याङ्कनका विभिन्न तौरतरिका र साधन विकास र उपयोग गरी विद्यार्थीका सिकाइ | • विद्यार्थी मूल्याङ्कनका विभिन्न तौरतरिका र साधन विकास र उपयोग गरी विद्यार्थीका सिकाइ समस्याहरूको पहिचान र | • विद्यार्थी मूल्याङ्कनका विभिन्न तौरतरिका र साधन विकास र उपयोग गरी विद्यार्थीका सिकाइ |

| | | | | |
|---|---|---|---|---|
| | | समस्याहरूको पहिचान | उपचारात्मक शिक्षण | समस्याहरूको पहिचान र उपचारात्मक शिक्षणमा नेतृत्व |
| २.६ विद्यार्थी मूल्याङ्कन, नतिजा विश्लेषण र उपयोग | • विद्यार्थी मूल्याङ्कनका विभिन्न विधि, तरिका, साधन निर्माण र नतिजा विश्लेषण सम्बन्धमा जानकारी | • विद्यार्थी मूल्याङ्कनमा विशिष्टीकरण तालिकाका आधारमा प्रश्नपत्र निर्माण र विश्लेषण तथा प्रश्नपत्रको प्रयोग | • विद्यार्थी मूल्याङ्कनमा विशिष्टीकरण तालिकासम्बन्धी सिप विकास र विशिष्टीकरण तालिकाका आधारमा प्रश्नपत्र निर्माण र प्रयोग तथा नतिजा विश्लेषण | • विद्यार्थी मूल्याङ्कनमा विशिष्टीकरण तालिका निर्माण र सोका आधारमा प्रश्नपत्र निर्माण, प्रयोग, नतिजा विश्लेषण र शैक्षिक कार्यक्रम सुधारमा सञ्चारणs |
| **क्षेत्र ३ : विद्यार्थीका विशेषता र तिनको सिकाइसम्बन्धी ज्ञानः विद्यार्थीका विशेषता र उनीहरूको सिकाइसम्बन्धी विविध पक्षको पहिचान र विश्लेषण गरी सोअनुरूप शिक्षण** | | | | |
| ३.१ विद्यार्थीको शारीरिक, मानसिक, संवेगात्मक र सामाजिक विकासको ज्ञान तथा त्यसको शिक्षणसँगको सम्बन्धबारेमा जानकारी र उपयोग | • विद्यार्थीको विकासको अवस्था र त्यसको शिक्षणसँगको सम्बन्ध र शिक्षण रणनीति विकासवारे जानकारी | • विद्यार्थीको विकासको अवस्था र त्यसको शिक्षणसँगको सम्बन्धबारेमा जानकार रही सो ज्ञानअनुरूप शिक्षण रणनीति प्रयोग | • विद्यार्थीको विकास अवस्थाको गहिरो अध्ययन गर्दै सो अनुकूल शिक्षण सिकाइको रणनीतिको खोज र प्रयोग | • विद्यार्थीको विकासको अवस्था अनुकूल शिक्षण सिकाइको रणनीतिको खोज, उपयोग तथा सो सम्बन्धमा मेन्टरिङ |
| ३.२ विद्यार्थीको पूर्व ज्ञान पहिचान गरी सोको | • विद्यार्थीमा भएको पूर्व ज्ञानको पहिचान र | • विद्यार्थीमा भएको पूर्व ज्ञानको परीक्षण | • विद्यार्थीमा भएको पूर्व ज्ञानको परीक्षण गरी | • विद्यार्थीमा भएको पूर्व ज्ञानको परीक्षण |

| | | | | |
|---|---|---|---|---|
| सिकाइसँग सम्बन्ध स्थापना | सोअनुरूप शिक्षण रणनीति निर्माण र प्रयोग गर्ने बारेमा आधारभूत जानकारी | गरी सोअनुरूप शिक्षण रणनीति निर्माण र प्रयोग | सोअनुरूप शिक्षण रणनीतिको खोज, निर्माण, अनुकूलन र प्रयोग | गरी सोअनुरूप शिक्षण रणनीतिको खोज, निर्माण, अनुकूलन, प्रयोग र नेतृत्व |
| ३.३ विद्यार्थीका भाषिक, सामाजिक, सांस्कृतिक मूल्य मान्यतालगायतका विविधताको पहिचान, सम्मान र समावेशी सिकाइ वातावरण निर्माण | • विद्यार्थीका भाषिक, सामाजिक, सांस्कृतिक मूल्य मान्यतालगायतका विविधताले सिकाइमा पार्न सक्ने प्रभाव विश्लेषण गरी समावेशी सिकाइ वातावरण निर्माण गर्नुपर्ने बारेमा जानकारी | • विद्यार्थीका भाषिक, सामाजिक, सांस्कृतिक मूल्य मान्यतालगायतका विविधताले सिकाइमा पार्न सक्ने प्रभाव विश्लेषण गरी समावेशी सिकाइ वातावरण निर्माण | • विद्यार्थीका भाषिक, सामाजिक, सांस्कृतिक मूल्य मान्यतालगायतका विविधताले सिकाइमा पार्न सक्ने प्रभाव विश्लेषण गरी | • विद्यार्थीमा रहेका विविधतालाई सम्मान गर्दै सो अनुकूल शिक्षणमा आवश्यक समायोजन गर्ने सम्बन्धमा निरन्तर खोज गर्दै ज्ञानको विस्तारमा नेतृत्व |
| ३.४ प्रत्येक बालबालिकाले सिक्ने अधिकार राख्छन्, सिक्न सक्छन् भन्ने कुरा आत्मसात् गर्दै उच्च सिकाइको लक्ष्य निर्धारण | • प्रत्येक बालबालिकाले सिक्न अधिकार राख्छन्, सिक्न सक्छन् भन्ने कुरा आत्मसात् गरी सिकाइ सहजीकरणका लागि वातावरण निर्माणवारे जानकारी | • प्रत्येक बालबालिकाले सिक्न अधिकार राख्छन्, सिक्न सक्छन् भन्ने कुरा आत्मसात् गर्दै सहयोगी सिकाइ वातावरण निर्माण र सहजीकरण | • प्रत्येक बालबालिकाले सिक्ने अधिकार राख्छन्, सिक्न सक्छन् भन्ने कुरा आत्मसात् गर्दै उच्चतम स्तरको सिकाइ हासिल गर्न सहयोग गर्ने रणनीति निर्माण र उपयोग | • प्रत्येक बालबालिकाले सिक्ने अधिकार राख्छन्, सिक्न सक्छन् भन्ने कुरा आत्मसात् गर्दै उच्चतम स्तरको सिकाइ हासिल गर्न खोज, अनुसन्धान र प्रवर्धन |
| ३.५ बालबालिकामा | • बालबालिकामा रहेको | • बालबालिकामा | • बालबालिकामा रहेको | • बालबालिकामा |

| | | | | |
|---|---|---|---|---|
| रहेको विशेष सिकाइ आवश्यकता तथा विशिष्ट क्षमताबारे जानकारी राखी उपयुक्त सम्बोधन | विशेष सिकाइ आवश्यकता तथा विशिष्ट क्षमताबारे जानकारी राखी उपयुक्त विधि, प्रविधि र रणनीतिको जानकारी | रहेको विशेष सिकाइ आवश्यकता तथा विशिष्ट क्षमताबारे जानकारी राखी उपयुक्त विधि, प्रविधि र रणनीतिको छनोट तथा प्रयोग | विशेष सिकाइ आवश्यकता तथा विशिष्ट क्षमताबारे जानकारी राखी उपयुक्त विधि र रणनीतिको निर्माण र प्रविधिसहित प्रयोग | रहेको विशेष सिकाइ आवश्यकता तथा विशिष्ट क्षमताबारे जानकारी राखी उपयुक्त विधि, प्रविधि र रणनीतिको खोज र प्रविधिसहित प्रयोगमा नेतृत्व |
| **क्षेत्र ४ : सिकाइ वातावरण र कक्षा व्यवस्थापनः बालमैत्री सिकाइ वातावरणको सिर्जना गर्दै प्रभावकारी शिक्षण सिकाइका लागि कक्षा व्यवस्थापन गर्न सक्षम** | | | | |
| ४.१ सिकाइका निमित्त सुरक्षित, सहयोगात्मक र चुनौतीयुक्त वातावरण सिर्जना गरी सक्रिय सहभागिता हासिल | • सिकाइका निमित्त सुरक्षित, सहयोगात्मक र चुनौतीयुक्त वातावरण सिर्जना र सक्रिय सहभागिताका लागि शिक्षकको भूमिका बारे जानकारी | • सिकाइका निमित्त सुरक्षित, सहयोगात्मक र चुनौतीयुक्त वातावरण सिर्जना र सक्रिय सहभागिताका लागि उपयुक्त योजना र रणनीति निर्माण | • सिकाइका निमित्त सुरक्षित, सहयोगात्मक र चुनौतीयुक्त वातावरण सिर्जना र सक्रिय सहभागिताका लागि उपयुक्त योजना र रणनीति निर्माण र अभ्यास | • सिकाइका निमित्त सुरक्षित, सहयोगात्मक र चुनौतीयुक्त वातावरण सिर्जना र सक्रिय सहभागिताका लागि उपयुक्त योजना र रणनीति निर्माण, अभ्यास र नेतृत्व |
| ४.२ बालमैत्री सिकाइ वातावरणको सिर्जनामा स्रोत र साधनको उपयुक्त व्यवस्थापन | • बालमैत्री सिकाइ वातावरणको सिर्जनामा स्रोत र साधनको पहिचान, उपयुक्त | • बालमैत्री सिकाइ वातावरणको सिर्जनामा स्रोत र साधनको पहिचान, उपयुक्त | • बालमैत्री सिकाइ वातावरणको सिर्जनामा स्रोत साधनको पहिचान, निर्माण, सन्दर्भअनुकूल | • बालमैत्री सिकाइ वातावरणको सिर्जनामा स्रोत साधनको पहिचान, निर्माण, खोज र |

| | | | | |
|---|---|---|---|---|
| | व्यवस्थापनका तौरतरिका छनोट र प्रयोगसम्बन्धी जानकारी | व्यवस्थापनका तौरतरिका छनोट र प्रयोग | प्रयोग | सन्दर्भअनुकूल प्रयोगमा नेतृत्व |
| ४.३ विद्यार्थी सङ्ख्या र अवस्थाअनुसार समान सिकाइ अवसर सुनिश्चित हुने गरी समूह परिचालन र सिकाइ क्रियाकलापमा सक्रिय सहभागिता | • सबै विद्यार्थीको समान सिकाइ अवसर सुनिश्चित हुने गरी समूह परिचालन र सिकाइ क्रियाकलापमा सक्रिय सहभागिता अभिवृद्धिका विधि र प्रक्रियाको आधारभूत ज्ञान | • सबै विद्यार्थीको समान सिकाइ अवसर सुनिश्चित हुने गरी समूह परिचालन र सिकाइ क्रियाकलापमा सक्रिय सहभागिता अभिवृद्धिका विधि र प्रक्रियाको छनोट र प्रयोग | • सबै विद्यार्थीको समान सिकाइ अवसर सुनिश्चित हुने गरी समूह परिचालन र सिकाइ क्रियाकलापमा सक्रिय सहभागिता अभिवृद्धिका विधि, प्रक्रिया एवम् रणनीति तय र प्रयोग | • सबै विद्यार्थीको समान सिकाइ अवसर सुनिश्चित हुने गरी समह परिचालन र सिकाइ क्रियाकलापमा सक्रिय सहभागिता अभिवृद्धिका विधि, प्रक्रिया, रणनीति, खोज र स्वनिर्देशित अभ्यासमा नेतृत्व |
| ४.४ सिकारुहरूबिच सहयोग तथा आपसी समझदारी कायम गरी सकारात्मक अनुशासन र आदर्श व्यवहार प्रवर्धन | • सिकारुहरूबिच सहयोग तथा आपसी समझदारी कायम गरी सकारात्मक अनुशासन र आदर्श व्यवहार प्रवर्धनका विधि को बारेमा जानकारी | • सिकारुहरूबिच सहयोग तथा आपसी समझदारी कायम गरी सकारात्मक अनुशासन र आदर्श व्यवहार प्रवर्धनका विधि पहिचान र प्रयोग | • सिकारुहरूबिच सहयोग तथा आपसी समझदारी कायम गरी सकारात्मक अनुशासन र आदर्श व्यवहार प्रवर्धनका विधि तथा तौरतरिका निर्माण र सन्दर्भ अनुकूल प्रयोग | • सिकारुहरूबिच सहयोग तथा आपसी समझदारी कायम गरी सकारात्मक अनुशासन र आदर्श व्यवहार प्रवर्धनका विधि तथा तौरतरिका खोज, निर्माण, अनुकूलन र नमुना प्रदर्शन<br>• |

पृष्ठपोषणका लागि

| | | | | |
|---|---|---|---|---|
| ४.५ आपत्कालीन र विषम् परिस्थितिमा सिकाइको निरन्तरता | • आपत्कालीन र विषम् परिस्थितिमा सिकाइका लागि उपयुक्त विकल्प उपायहरू अपनाउन सकिने बारे जानकारी | • आपत्कालीन र विषम् परिस्थितिमा सिकाइका लागि उपयुक्त विकल्प पहिचान, छनोट र प्रयोग | • आपत्कालीन र विषम् परिस्थितिमा सिकाइका लागि उपयुक्त वैकल्पिक विधि खोज र प्रभावकारी प्रयोग | • आपत्कालीन र विषम् परिस्थितिमा सिकाइका लागि उपयुक्त वैकल्पिक विधि खोज र प्रभावकारी प्रयोग तथा आपसी सहयोगको प्रवर्धन र दिगो एवम् लचकतापूर्ण सिकाइ उपायको खोजीमा नेतृत्व |
| ४.६ विद्यालयमा हुन सक्ने असमझदारी र द्वन्द्व व्यवस्थापन तथा परामर्श प्रदान | • विद्यालयमा हुन सक्ने असमझदारी र द्वन्द्वका समयमा संवेगात्मक सहयोग तथा परामर्शको आवश्यकता वारे जानकारी | • विद्यालयमा हुन सक्ने असमझदारी र द्वन्द्वका समयमा संवेगात्मक सहयोग तथा परामर्श गर्ने विधि तथा प्रक्रिया छनोट र प्रयोग | • विद्यालयमा हुन सक्ने असमझदारी र द्वन्द्वका समयमा संवेगात्मक सहयोग तथा परामर्शका विधि, प्रक्रिया तथा रणनीति तय र अभ्यास | • विद्यालयमा हुन सक्ने असमझदारी र द्वन्द्वका समयमा संवेगात्मक सहयोग तथा परामर्शका विधि, प्रक्रिया तथा रणनीतिको खोज र द्वन्द्व व्यवस्थापनमा नेतृत्व |

| **सक्षमता क्षेत्र ५ः सञ्चार र सहकार्यः शिक्षक, विद्यार्थी, अभिभावक र समुदायबिच प्रभावकारी सञ्चार र सहकार्य** | | | | |
|---|---|---|---|---|
| ५.१ समन्वय, सहकार्य तथा अन्तर्क्रियाका | • समन्वय, सहकार्य तथा अन्तर्क्रियाका | • समन्वय, सहकार्य तथा अन्तर्क्रियाका लागि | • समन्वय, सहकार्य तथा अन्तर्क्रियाका लागि डिजिटल | • समन्वय, सहकार्य तथा अन्तर्क्रियाका |

| | | | | |
|---|---|---|---|---|
| निमित्त शिक्षकहरूबिच प्रभावकारी सञ्चार | निमित्त शिक्षकहरूबिच प्रभावकारी सञ्चारको महत्त्व, विधि तथा प्रक्रियाका सम्बन्धमा जानकार | डिजिटल प्रविधिलगायत उपयुक्त सञ्चारका विधिको छनोट तथा प्रयोग | प्रविधिलगायत उपयुक्त विधिको प्रभावकारी अभ्यास | लागि डिजिटल प्रविधिलगायत उपयुक्त विधिको खोज तथा प्रभावकारी अभ्यासमा नेतृत्व |
| ५.२ विद्यार्थीलाई सिकाइप्रति उत्साही बनाउन र विषयवस्तु स्पष्ट पार्न प्रभावकारी सञ्चार | • विद्यार्थीलाई सिकाइप्रति उत्साही बनाउन र विषयवस्तु स्पष्ट पार्न प्रभावकारी सञ्चारका विधिहरूमा जानकार | • विद्यार्थीलाई सिकाइप्रति उत्साही बनाउन र विषयवस्तु स्पष्ट पार्न प्रभावकारी सञ्चारका विधिहरू छनोट र प्रयोग | • विद्यार्थीलाई सिकाइप्रति उत्साही बनाउन र विषयवस्तु स्पष्ट पार्न प्रभावकारी सञ्चारका विधि, माध्यम र शैली सहित सञ्चार सिपको दक्षतापूर्ण उपयोग | • विद्यार्थीलाई सिकाइप्रति उत्साही बनाउन र विषयवस्तु स्पष्ट पार्न प्रभावकारी सञ्चारका विधि, माध्यम र शैलीसहित सञ्चार सिपको दक्षतापूर्ण उपयोग र नेतृत्व |
| ५.३ पेसागत विकास र विद्यार्थी सिकाइ प्रवर्धनका लागि सहकर्मीहरू बिच विज्ञता, अनुभव तथा पृष्ठपोषणको आदानप्रदान | • पेसागत विकास र विद्यार्थी सिकाइ प्रवर्धनका लागि सहकर्मीहरू बिच विज्ञता, अनुभव तथा पृष्ठपोषणको आदानप्रदान, आपसी सहयोग र सहकार्यसम्बन्धी विभिन्न तौरतरिकाबारे जानकार | • पेसागत विकास र विद्यार्थी सिकाइ प्रवर्धनका लागि सहकर्मीहरू बिच विज्ञता, अनुभव तथा पृष्ठपोषणको आदानप्रदान, आपसी सहयोग र सहकार्यमा सञ्चार सिपको उपयोग | • पेसागत विकास र विद्यार्थी सिकाइ प्रवर्धनका लागि सहकर्मीहरू बिच विज्ञता, अनुभव तथा पृष्ठपोषणको आदानप्रदान, आपसी सहयोग र सहकार्यमा सञ्चार सिपको दक्षतापूर्ण उपयोग | • पेसागत विकास र विद्यार्थी सिकाइ प्रवर्धनका लागि सहकर्मीहरू बिच विज्ञता, अनुभव तथा पृष्ठपोषणको आदानप्रदान, आपसी सहयोग र सहकार्यमा सञ्चार |

| | | | | |
|---|---|---|---|---|
| | | | | सिपको दक्षतापूर्ण उपयोग र सो सम्बन्धमा नेतृत्व |
| ५.४ शिक्षण सिकाइमा विद्यार्थीको सहभागिता र शैक्षिक उपलब्धिलगायतका विषयमा अभिभावक र सरोकारवालासँग समन्वय, सञ्चार तथा सहकार्य | • शिक्षण सिकाइमा विद्यार्थीको सहभागिता र शैक्षिक उपलब्धिलगायतका विषयमा अभिभावक तथा सरोकारवालासँग समन्वय, सञ्चार तथा सहकार्यको महत्व, विधि तथा प्रक्रियाका बारेमा जानकार | शिक्षण सिकाइमा विद्यार्थीको सहभागिता र शैक्षिक उपलब्धिलगायतका विषयमा अभिभावक तथा सरोकारवालासँग समन्वय, सञ्चार तथा सहकार्यको विधि तथा प्रक्रियाको छनोट र प्रयोग | • शिक्षण सिकाइमा विद्यार्थीको सहभागिता र शैक्षिक उपलब्धिलगायतका विषयमा अभिभावक तथा सरोकारवालासँग समन्वय, सञ्चार तथा सहकार्यको विधि र रणनीति तय र दक्षतापूर्ण उपयोग | शिक्षण सिकाइमा विद्यार्थीको सहभागिता र शैक्षिक उपलब्धिलगायतका विषयमा अभिभावक तथा सरोकारवालासँग समन्वय, सञ्चार तथा सहकार्यको विधि र रणनीति तय, दक्षतापूर्ण उपयोगसम्बन्धी नमुना अभ्यासको प्रदर्शन |
| ५.५ विद्यार्थीका सांस्कृतिक तथा भाषिक विशिष्टता र शैक्षिक स्तरअनुरूप प्रभावकारी सञ्चार तथा सहकार्य | • विद्यार्थीका सांस्कृतिक तथा भाषिक विशिष्टता र शैक्षिक स्तरअनुरूप प्रभावकारी सञ्चार तथा सहकार्यको महत्त्व, विधि | • विद्यार्थीका सांस्कृतिक तथा भाषिक विशिष्टता र शैक्षिक स्तरअनुरूप प्रभावकारी सञ्चार तथा सहकार्यको विधि तथा | • विद्यार्थीका सांस्कृतिक तथा भाषिक विशिष्टता र शैक्षिक स्तरअनुरूप विभिन्न विधि तथा प्रविधिको प्रयोगमार्फत | • विद्यार्थीका सांस्कृतिक तथा भाषिक विशिष्टता र शैक्षिक स्तर अनुरूप विभिन्न |

| | | | | |
|---|---|---|---|---|
| | तथा प्रविधिबारे जानकार | प्रविधिको छनोट र प्रयोग | प्रभावकारी सञ्चार तथा सहकार्य | विधि, प्रविधि तथा रणनीतिको प्रयोग गरी प्रभावकारी सञ्चारको उदाहरणीय अभ्यास |

| **क्षेत्र ६ : निरन्तर सिकाइ र पेसागत विकासः आफूमा भएको ज्ञान, सिप एवम् अनुभवको विश्लेषण गरी निरन्तर सिकाइ र पेसागत विकासका लागि प्रतिबद्ध** | | | | |
|---|---|---|---|---|
| ६.१ पेसागत विकासका अवसरहरूको खोजी गरी निरन्तर सिकाइमा संलग्नता | • पेसागत विकासका लागि विभिन्न अवसरका खोजी, सम्भाव्य विधि तथा प्रविधिबारे जानकार | शिक्षकका पेसागत विकासका विविध अवसर पहिचान र पेसागत विकासका लागि उपयुक्त रणनीतिहरुको छनोट र उपयोग | शिक्षकका पेसागत विकासका विविध अवसर पहिचान र पेसागत विकासका लागि उपयुक्त रणनीतिको छनोट, उपयोग, समीक्षा र अनुकूलन गर्दै निरन्तर सिकाइमा संलग्नता | पेसागत विकासका विविध अवसरबाट निरन्तर सिकाइमा संलग्न रहँदै शिक्षक पेसागत विकासमा नेतृत्व |
| ६.२कार्यसम्पादनमा अनुचिन्तन गरी स्वनिर्देशित र स्वनियमन सिकाइ | • कार्यसम्पादनमा अनुचिन्तन गरी स्वनिर्देशित र स्वनियमन सिकाई | • कार्यसम्पादनमा नियमित अनुचिन्तन गरी स्वनिर्देशित र स्वनियमनका विविध | • कार्यसम्पादनमा नियमित अनुचिन्तन गरी स्वनिर्देशित र स्वनियमनका विविध | • कार्यसम्पादनमा नियमित अनुचिन्तन गरी स्वनियमनका माध्यमबाट पेसागत समृद्धिमा नेतृत्व |

| | | | | |
|---|---|---|---|---|
| प्रक्रियामा संलग्नता | प्रक्रियामा संलग्नताले पेसागत विकासमा पार्ने प्रभाव बारे जानकार | विधि, प्रविधि र रणनीतिको प्रयोग गरी पेसागत सिकाइमा संलग्न | विधि, प्रविधि र रणनीतिको प्रयोग गरी पेसागत समृद्धि | |
| ६.३ सम्बन्धित विषय क्षेत्रमा आधारित विभिन्न प्रकारका अध्ययन अनुसन्धानमा संलग्न रही पेसागत विकास | • पेसागत विकासमा विभिन्न प्रकारका अध्ययन अनुसन्धानको विधि, प्रक्रिया र नतिजाको महत्त्वका बारे जानकार | • पेसागत विकासमा विभिन्न प्रकारका अध्ययन अनुसन्धान सञ्चालन र र प्राप्त नतिजालाई उपयोग | • पेसागत विकासमा विभिन्न प्रकारका अध्ययन अनुसन्धान सञ्चालन गरी व्यावहारिक ज्ञानको खोज तथा निर्माण | • पेसागत विकासमा विभिन्न प्रकारका अध्ययन अनुसन्धान र नवप्रवर्तनात्मक कार्यमा संलग्न रही व्यावहारिक ज्ञानको खोज तथा ज्ञान निर्माणमार्फत शिक्षक समुदायको विकासमा योगदान र नेतृत्व |
| **क्षेत्र ७ : कानुनी आधार र आचार संहिताः प्रचलित ऐन, नियम तथा सामाजिक मूल्यमान्यताअनुकूल आदर्श पेसागत आचरण प्रदर्शन गर्दै आफ्नो जिम्मेवारी तथा उत्तरदायित्व बहन गर्न सक्षम** | | | | |
| ७.१ आफ्नो पेसाप्रति सम्मान र निष्ठा भाव राख्ने तथा उच्चतम नैतिक व्यवहार प्रदर्शन गर्दै सार्वजनिक विश्वास आर्जन | • आफ्नो पेसागत आचारसंहिता र नैतिक व्यवहारबारे जानकार | • आफ्नो पेसाप्रति सम्मान र निष्ठा भाव राख्दै सचेत रूपमा पेसागत आचरण र नैतिक व्यवहारको प्रदर्शन | • आफ्नो पेसाप्रति सम्मान, निष्ठा भाव, पेसागत आचरण र उच्चतम नैतिक व्यवहारमार्फत सकारात्मक सार्वजनिक छवि निर्माण | • आफ्नो पेसाप्रति उच्च गौरव र निष्ठा भावसहित सबै परिस्थितिमा स्वःस्फूर्त रूपमा उच्चतम नैतिक व्यवहार प्रदर्शन र प्रेरक व्यक्तित्वको छवि प्रदर्शन |

| | | | | |
|---|---|---|---|---|
| ७.२ प्रचलित कानुनअनुरूपको आदर्श आचरण प्रदर्शन गर्दै आफ्नो कार्य तथा व्यवहारको जिम्मेवारी बहन | • प्रचलित ऐन, नियम र निर्देशिकाअनुसार आफ्ना जिम्मेवारीका बारेमा सचेतना | • प्रचलित ऐन, नियम र निर्देशिकाहरूको पालना तथा आफ्नो पदीय मर्यादा पालना र आचरणमा सुधार | • प्रचलित ऐन, नियम र निर्देशिकाअनुरूप मर्यादित र आदर्श आचरण प्रदर्शन, आफ्नो कार्य र व्यवहारबाट पर्न जाने प्रभावप्रति सचेत रही त्यसको जिम्मेवारपूर्ण व्यवहार | • कार्यसम्पादनमा उच्चतम आदर्श आचरण प्रदर्शन, आफ्ना निर्णय र व्यवहारको पूर्ण स्वामित्व लिने तथा संस्थागत जवाफदेहिताको संस्कृति निर्माणमा नेतृत्व |
| ७.३ पेसागत आचार संहिता र पदीय मर्यादाअनुकुल सबै बालबालिकाप्रति तटस्थ रही सम्मानजनक व्यवहार प्रदर्शन गर्न तथा उनीहरूको सर्वोतम हितका लागि प्रतिबद्ध | • आफ्नो व्यवहारमा सबै बालबालिकाप्रति तटस्थता र सम्मानभावको महत्त्व तथा बालअधिकारका आधारभूत सिद्धान्त बारे जानकार | • पदीय मर्यादाअनुरूप आफ्नो कार्यशैलीलाई बालमैत्री बनाउँदै बालबालिकाको सर्वोत्तम हितका लागि सचेत | • पदीय मर्यादाको पूर्ण पालना गर्दै बालबालिकाको सिकाइ र सुरक्षालगायतका क्षेत्रमा सर्वोत्तम हितका लागि प्रतिबद्ध रही दक्षतापूर्ण कार्यसम्पादन | • पदीय मर्यादाको उच्चतम नमुना प्रस्तुत गर्दै बालबालिकाको विविधतालाई ख्याल गर्दै पूर्णतः तटस्थ र सम्मानजनक व्यवहार, बालबालिकाको सर्वोत्तम हितलाई केन्द्रमा राखि उनीहरूको अधिकार संरक्षणका लागि प्रणालीगत सुधार र नेतृत्व |
| ७.४ सामाजिक | • सामाजिक | • शिक्षण पेसामा | • आफ्नो कार्यक्षेत्रमा | • सामाजिक मुल्यमान्यता |

पृष्ठपोषणका लागि

| | | | | |
|---|---|---|---|---|
| मूल्यमान्यता र स्थानीय संस्कृतिप्रति सम्मान तथा भिन्न बिचार र आस्थाप्रति सहिष्णु व्यवहार प्रदर्शन | मूल्यमान्यता र स्थानीय सांस्कृतिक विविधता तथा त्यसको शिक्षण पेसासँगको सम्बन्धका बारेमा जानकार | सामाजिक मूल्य मान्यता र सांस्कृतिक विविधता र सहिष्णुताको महत्त्व बुझेर तटस्थ र सम्मानजनक व्यवहार प्रदर्शन गर्ने तर्फ सचेत | कसैको विचार वा आस्थाको आधारमा भेदभाव नगरी निष्पक्ष र सहिष्णु व्यवहार तथा स्थानीय समुदायसँग सुमधुर सम्बन्ध कायम गरी सामाजिक सद्भाव बढाउन सक्रियता | र स्थानीय संस्कृतिको गहिरो बुझाइ, व्यवहारमा प्रर्दशन, भिन्न विचार, आस्था र विविधताप्रति सहिष्णुता र सद्भावसहितको विशिष्ट क्षमता प्रदर्शन |
| ७.५ शिक्षासम्बन्धी विश्वव्यापी मान्यताहरू (मानव अधिकार, बालअधिकार, मौलिक हकका रूपमा शिक्षा, सबैका लागि शिक्षा आदि) अनुसार व्यवहार प्रदर्शन | • शिक्षासम्बन्धी विश्वव्यापी मान्यताहरू (मानव अधिकार, बालअधिकार, मौलिक हकका रूपमा शिक्षा, सबैका लागि शिक्षा आदि) को सैद्धान्तिक आधार तथा प्रभाव बारे जानकार | • समुदाय, विद्यालय र कक्षाकोठामा शिक्षासम्बन्धी विश्वव्यापी मान्यता र अधिकारमुखी अवधारणाको महत्त्व बोधसहित व्यवहार प्रदर्शन | • शिक्षासम्बन्धी विश्वव्यापी मान्यता अनुकूल आचरण र व्यवहार, शिक्षाको मौलिक हकको कार्यान्वयनमा प्रतिबद्धता र बालबालिकाको अधिकार संरक्षणका लागि सक्रिय व्यवहार प्रदर्शन | • शिक्षालाई मानव अधिकार र मौलिक हकको रूपमा स्थापित गर्न विश्वव्यापी मान्यताहरूलाई स्थानीय नीति र कार्यक्रममा रूपान्तरण गर्ने<br>• बालबालिकाको अधिकार सुनिश्चित गर्न र समावेशी शिक्षाको प्रवर्धनमा नेतृत्व |
| **क्षेत्र ८ : सूचना तथा सञ्चार प्रविधिको उपयोगसम्बन्धी ज्ञान र सिपः प्रभावकारी शिक्षण सिकाइका लागि सूचना तथा सञ्चार प्रविधिको मानवता केन्द्रित प्रयोग** | | | | |
| ८.१ पेसासँग | • पेसासँग सम्बन्धित | • पेसासँग सम्बन्धित | • पेसासँग सम्बन्धित | • पेसासँग सम्बन्धित |

| | | | | |
|---|---|---|---|---|
| सम्बन्धित सूचना तथा सञ्चार प्रविधिका साधन र कृत्रिम बुद्धिमत्ताको नैतिक, मानवता केन्द्रित र सुरक्षित प्रयोग | सूचना तथा सञ्चार प्रविधिका साधन र कृत्रिम बुद्धिमत्ताको उपयोगबारे जानकार | सूचना तथा सञ्चार प्रविधिका तथा कृत्रिम बुद्धिमत्ताको साधनको पहिचान, छनोट र प्रयोग | सूचना तथा सञ्चार प्रविधिका तथा कृत्रिम बुद्धिमत्ताको साधनका नैतिक मानक अनुकूल सुरक्षित र जिम्मेवारीपूर्ण उपयोग | सूचना तथा सञ्चार प्रविधिका तथा कृत्रिम बुद्धिमत्ताको साधनका नैतिक मानक अनुकूल सुरक्षित र जिम्मेवारीपूर्ण उपयोगमा नेतृत्व |
| ८.२ सूचना तथा सञ्चार प्रविधि तथा कृत्रिम बुद्धिमत्ताको साधनलाई शिक्षण सिकाइ तथा मूल्याङ्कनमा उपयोग | • सूचना तथा सञ्चार प्रविधि तथा कृत्रिम बुद्धिमत्ताको साधनसँग परिचित हुँदै शिक्षण सिकाइ तथा मूल्याङ्कनमा उपयोगका क्षेत्र र सोका लाभबारे जानकार | • विषयवस्तुको प्रस्तुतिलाई सान्दर्भिक र अर्थपूर्ण बनाउने गरी सूचना तथा सञ्चार प्रविधि र कृत्रिम बुद्धिमत्ताको साधनको पहिचान, छनोट र प्रयोग | • विषयवस्तुको प्रस्तुतिलाई सान्दर्भिक र अर्थपूर्ण बनाउने गरी सूचना तथा सञ्चार प्रविधि र कृत्रिम बुद्धिमत्ताको साधनको छनोट र प्रयोग गरी अनुकरणीय शिक्षण सिकाइ तथा मूल्याङ्कन सञ्चालन | • विषयवस्तुको प्रस्तुतिलाई सान्दर्भिक र अर्थपूर्ण बनाउने गरी सूचना तथा सञ्चार प्रविधि र कृत्रिम बुद्धिमत्ताका साधनको छनोट र प्रयोग गरी अनुकरणीय शिक्षण सिकाई तथा सिकाइ मूल्याङ्कन सञ्चालनका क्रममा सहकर्मीहरूलाई सहायता र नेतृत्व |
| ८.३ विद्यार्थीका सिकाइ आवश्यकताअनुकूल डिजिटल सामग्री पहिचान, छनोट, | • विद्यार्थीका सिकाइ आवश्यकताअनुकूल डिजिटल स्रोतसामग्री र तिनका प्रयोगबारे जानकार | • विद्यार्थीका सिकाइ आवश्यकताअनुसार डिजिटल स्रोतसामग्री र तिनका छनोट तथा प्रयोग | • विद्यार्थीका सिकाइ आवश्यकताअनुसार डिजिटल स्रोतसामग्री र तिनका विकास र अनुकूलित उपयोग | • विद्यार्थीका सिकाइ आवश्यकताअनुसार डिजिटल स्रोतसामग्री र तिनका विकास र अनुकूलित उपयोगमा |

| | | | | |
|---|---|---|---|---|
| विकास र प्रयोग | | | | अनुकरणीय अभ्यास गर्दै पेसागत सञ्जाल निर्माणमा योगदान |
| ८.४ शिक्षामा सूचना तथा सञ्चार प्रविधि र कृत्रिम बुद्धिमत्तासम्बन्धी नीति र डिजिटल संस्कृतिमा भएको विकासबारे परिचित हुँदै नैतिक मानकबमोजिम व्यवहार प्रदर्शन | • शिक्षामा सूचना तथा सञ्चार प्रविधि र कृत्रिम बुद्धिमत्तासम्बन्धी नीति र डिजिटल संस्कृतिमा भएको विकासबारे परिचित हुँदै नैतिक मानकबमोजिम व्यवहार प्रदर्शनको व्यावहारिक आधारबारे जानकार | • शिक्षामा सूचना तथा सञ्चार प्रविधि र कृत्रिम बुद्धिमत्तासम्बन्धी नीति र डिजिटल संस्कृतिमा भएको विकासबारे परिचित हुँदै नैतिक मानक र मानवीय मूल्यबमोजिम सुरक्षित र जिम्मेवार तथा पदीय आचारअनुकूल उपयोग र अभ्यास | • शिक्षामा सूचना तथा सञ्चार प्रविधि र कृत्रिम बुद्धिमत्तासम्बन्धी नीति र डिजिटल संस्कृतिमा भएको विकासबारे परिचित हुँदै नैतिक मानक र मानवीय मूल्यबमोजिम व्यवहार प्रदर्शन | • शिक्षामा सूचना तथा सञ्चार प्रविधि र कृत्रिम बुद्धिमत्तासम्बन्धी नीति र डिजिटल संस्कृतिमा भएको विकासबारे परिचित हुँदै नैतिक मानक र मानवीय मूल्यबमोजिम उदाहरणीय व्यवहार प्रदर्शन एवम् पेसागत समुदायमा नेतृत्व |

पृष्ठपोषणका लागि

## ६.प्रारूपको कार्यान्वयन व्यवस्था

यस प्रारूपले शिक्षक तयारी तथा छनोट, पेसागत विकास, शिक्षक व्यवस्थापन र शिक्षण सिकाइ सुधारका सन्दर्भमा निर्णय लिनुपर्दा सो सम्बद्ध निकायहरूलाई मार्गदर्शन प्रदान गर्ने छ । शिक्षकको सक्षमता प्रारूप कार्यान्वयनका लागि छुट्टै थप संरचना आवश्यक पर्ने छैन । यस सम्बद्ध नीति तर्जुमा, कार्यान्वयन, पुनरवलोकन एवम् मूल्याङ्कन गर्ने सम्बन्धमा नेपाल सरकार, शिक्षा तथा खेलकुद मन्त्रालय, शिक्षा नीति कार्यान्वयन, शिक्षक व्यवस्थापन तथा पेसागत विकास र सहजीकरणका लागि शिक्षा विभागले मुख्य जिम्मेवारी लिनुपर्ने छ। त्यसै गरी शिक्षक तयारी सम्बन्धमा विश्वविद्यालयहरू तथा उच्च शिक्षा प्रदायक संस्थाहरू, शिक्षक अध्यापन अनुमति पत्र र शिक्षक छनोटका लागि शिक्षक सेवा आयोग, शिक्षकको पेसागत विकासको कार्यान्वयनका लागि शिक्षा तालिम केन्द्र र शिक्षकको कार्यविवरण, कार्यसम्पादन मूल्याङ्कन तथा सशक्तीकरणका लागि स्थानीय तह र विद्यालयहरूको मुख्य जिम्मेवारी हुने छ। साथै शिक्षकका पेसागत संस्थालगायत अन्य सरोकारवाला निकायहरूको शिक्षक सक्षमता प्रारूप कार्यान्वयनका लागि एकीकृत प्रयास, समन्वय र सहकार्य अपेक्षित हुने छ । यसको सफल र प्रभावकारी कार्यान्वयनका निमित्त साझा बुझाइ निर्माण हुन जरुरी छ । यसका निमित्त यसको प्रबोधीकरण र सञ्चार महत्त्वपूर्ण हुन्छ र सम्बन्धित सबै क्षेत्रबाट यस दिशामा जिम्मेवारी बोध हुने अपेक्षा गरिएको छ ।